# लोक सेवा आयोग
## हेटौंडा कार्यालय

हेटौंडा, मकवानपुर

### रेन्जर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना ।

**सूचना नं. ८४/०८२-८३, मिति २०८३/०२/२५**

लोक सेवा आयोग, काठमाडौं कार्यालयको विज्ञापन नं. १२०१८-१२०१९/०८२-८३ (खुला तथा समावेशी), राजपत्र अनंकित प्रथम श्रेणी, वन सेवा, ने.पा. एण्ड वा.ला. समूह, रेन्जर पदमा हेटौंडा परीक्षा केन्द्र राखी दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व प्रकाशित कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा शुरु हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ । परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्यमा तल उल्लेख गरिएको छ ।

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | समय अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General Awareness & Public Management) र सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based Knowledge) | वस्तुगत (बहुवैकल्पिक प्रश्न) | २०८३/०३/११ गते बिहान ९:०० बजे | ४५ मिनेट |
| द्वितीय | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based Knowledge) | विषयगत | २०८३/०३/११ गते बिहान १०:१५ बजे | २ घण्टा १५ मिनेट |

**परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं. | | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | हेटौंडा परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरू । | | | श्री मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा । |

**द्रष्टव्य :**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।
२. परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।
३. प्रवेश-पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन। साथै परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै परिचयपत्र अनिवार्य लिई आउनु पर्नेछ ।
४. परीक्षा भवनमा मोबाईल तथा बिद्युतीय सामाग्री निषेध गरिएको छ।
५. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ। साथै वस्तुगत उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।
६. वस्तुगत बहुउत्तर (Multiple Choice) भएका प्रश्नको उत्तर अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

| (सुरेश साह) | (बद्रीनाथ सापकोटा) | (पुष्कर भट्टराई) |
|---|---|---|
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |